# महत्वपूर्ण व्यवसायिक व्यक्ति (Commercially Important Person-CIP) सम्मानका लागि आवेदन दिने सम्वन्धी व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सूचना

## (प्रथम पटक प्रकाशित मिति २०८२/०३/०६)

महत्वपूर्ण व्यवसायिक व्यक्ति (Commercially Important Person-CIP ) छनौट सम्मान तथा सुविधा सम्वन्धी कार्यविधि २०७४ अनुरुप मिति २०८२/०२/२५ को श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय अनुसार स्वीकृत भएका महत्वपूर्ण व्यवसायिक व्यक्तिको सुचीमा थप गर्ने गरी कार्यविधिको दफा ५(२) अनुसार कार्यविधिको दफा ५(१) मा श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८२/०३/०६ को निर्णय अनुसार थपिएका तपसिलका विधाहरुमा योग्य हुने व्यवसायिक संस्था तथा उद्योगहरुले देहाय बमोजिम मिति २०८२/०३/१२ गते कार्यालय समयभित्र केन्द्रमा आइपुग्ने गरी आवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन दिन सक्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा सो को भोलिपल्ट कार्यालय समयभित्र निवेदन दिन सकिने छ ।

| थप गरिएका क्षेत्र/बिधाहरु | निवेदन दिने विधि |
|---|---|
| तेश्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९।८० र २०८०।८१ रु १ अर्ब वा सो भन्दा बढी निकासी गर्ने उद्योग, संस्था, फर्म वा कम्पनीहरु । | तेश्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा रु १ अर्ब वा सो भन्दा बढी निकासी गरेको दावी सहितको् निवेदन केन्द्रमा दिनुपर्ने छ । |
| **व्यवसायीका प्रतिनिधिमुलुक वस्तुगत सँघ तर्फ :** <br> तेश्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा कुल रु ५ अर्ब वा सो भन्दा बढी निर्यात गर्ने वस्तुगत सँघका अध्यक्षहरुलाई मानार्थ । | वस्तुगत सँघले तेश्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा रु ५ अर्व वा सो भन्दा बढी निर्यात गरेको दावी सहित केन्द्रमा निवेदन दिनुपर्नेछ । |
| **व्यवसायीका प्रतिनिधिमुलुक महासंघतर्फ :** <br> कार्यविधिको दफा ५ उपदफ १(ज) मा उल्लेखित संस्थाहरु बाहेकका महासंघसंग आबद्ध भएका प्रतिनिधिमूलक वस्तुगत संघसंग सम्बन्धित वस्तुहरु तेश्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा कुल रु १५ अर्बवा सो भन्दा बढी निर्यात गर्ने महासँघका अध्यक्षहरुलाई मानार्थ । तर एक भन्दा बढी महासंघसंग आबद्ध रहेको भए उक्त वस्तुगत | महासँघले आफूसँग आवद्धता वस्तुगत सँघहरुले तेश्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा कुल रु १५ अर्व वा सो भन्दा बढी निर्यात गरेको दावी सहित सम्वन्धित वस्तुगत सँघको आवद्धताको आधिकारिक कागजात सहितको निवेदन पेश गर्ने |

| | |
|---|---|
| संघ सम्बन्धित वस्तुहरुको कूल निकासी रकमलाई सोहि अनुसार दामासाहीमा भाग गरी गणना गरिनेछ । | |
| **(ठ) स्टार्टअप तर्फ :**<br><br>तोकिएको निकायमा उद्योग दर्ता भई राष्ट्रिय स्टार्टअप उद्यमनीति २०८० अर्न्तगतको परिभाषाभित्र पर्ने आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा रु चार करोड वा सो भन्दा बढी वस्तु वा सेवानिकासी गर्ने स्टार्टअप । तर महिला उद्यमीको हकमा रु दुई करोड वा सो भन्दानिर्यात गर्ने स्टार्टअप । | श्री औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट प्राप्त विवरणको आधार छनौट गरिने छ । |
| **(ड) निर्यातमा नगद अनुदानतर्फ :**<br><br>निर्यातमा नगद अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि (दोश्रो संशोधन), २०७९ बमोजिम आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा सबै भन्दा बढी नगद अनुदानका लागि योग्य एक महिला सहित पाँच निकासीकर्ता । | श्री नेपाल राष्ट्र वैंकबाट प्राप्त विवरणको आधार छनौट गरिने छ । |

**पुनश्चः**

(१) नेपाल सरकारको आधिकारिक निकायबाट कालोसूचीमा नपरेको स्वघोषणा
(२) बैंक तथा वित्तिय संस्थाको कर्जा चुक्ता गर्न नसकी कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको स्वघोषणा ।
(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको स्वघोषणा ।
(४) भ्रष्टाचार तथा आर्थिक अनियमितामा संलग्न भएको प्रमाणित नभएको स्वघोषणा।
(५) CIP सम्मान प्रदान गर्ने भन्दा अघिल्लो आर्थिक वर्षसम्मको सरकारलाई तिर्नु बुझाउनु पर्ने कर वक्यौता नरहेको नपरेको स्वघोषणा ।


**निवेदन दिने ठेगाना**

**व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**
नःटोल, पुल्चोक ललितपुर
टेलिफोनः ५४२५८९८, ५४३२६४२
इमेलः info@tepc.gov.np
वेभसाइटः www.tepc.gov.np